नेपाल वातावरण समाजको विधान २०७० मा पहिलो संसोधन प्रस्ताब २०७७

| दफा | भएको | संसोधनका लागि गरिएको सिफारिस |
|---|---|---|
| २. (क) | "वातावरण समाज" भन्नाले वातावरण विज्ञान, वातावरण व्यवस्थापन र वातावरण इन्जिनियरीङ्ग क्षेत्रमा कार्यरत विज्ञ, विशेषज्ञ तथा पेशागत रुपमा वातावरणको क्षेत्रमा कार्यरत, अध्ययनरत व्यक्ति तथा संस्थाहरुको साझा संगठन वा समूह भन्ने वुझिन्छ । | "समाज" भन्नाले वातावरण विज्ञान, वातावरण व्यवस्थापन र वातावरण इन्जिनियरीङ्ग क्षेत्रमा कार्यरत विज्ञ, विशेषज्ञ तथा पेशागत रुपमा वातावरणको क्षेत्रमा कार्यरत, अध्ययनरत व्यक्ति तथा संस्थाहरुको साझा संगठन वा समूह भन्ने वुझिन्छ । |
| २. (ख) | "स्थानीय तह " भन्नाले गाविस.पा, न.पा., जि.स.स., तथा अन्य नगरपालिका समेतलाई जनाउनेछ । | "स्थानीय तह " भन्नाले गाँ.पा, न.पा., जि.स.स.,समेतलाई जनाउनेछ । |
| २. (ग) | **सम्बन्धित अधिकारी भन्नाले कानुन वमोजिम सस्था दर्ताको निम्ति तोकिएको अधिकारीलाई जनाउनेछ** | हटाईएको छ |
| २. (च) | "कार्यकारिणीकार्यसमिति सदस्य" भन्नाले साधारणसभाले निर्वाचित गरेका कार्यकारिणी सदस्यहरु जनाउनेछ । | "कार्यसमिति सदस्य" भन्नाले साधारणसभाले निर्वाचित गरेका कार्यकारिणी सदस्यहरु जनाउनेछ । |
| २. (छ) | (च) "पदाधिकारी" भन्नाले कार्यसमितिकारिणीमा निर्वाचित सदस्य बाहेकका विभिन्न पदका व्यक्तिलाई जनाउनेछ । | (छ) "पदाधिकारी" भन्नाले कार्यसमितिमा निर्वाचित सदस्य बाहेकका विभिन्न पदका व्यक्तिलाई जनाउनेछ । |
| | थप गर्ने | (ज) " प्रदेश समिति" भन्नाले सात वटै प्रदेशमा विधान बमोजिम प्रदेश साधारण सभाले निर्वाचित कार्य समितिलाई जनाउदछ । |
| ४ (च) | (च) वातावरणसँग सम्वन्धित तथा प्रचलित ऐन, नियम तथा नीतिहरुकोबारेमा **नेपालसरकार** लई आवश्यक सुझावहरु प्रदान गर्ने | (च) वातावरणसँग सम्वन्धित तथा प्रचलित ऐन, नियम तथा नीतिहरुकोबारेमा सम्वन्धित सरोकारवालाहरुलई आवश्यकसुझावहरु प्रदान गर्ने |
| ४ (ज) | (ज) राष्ट्रिय तथा अन्तराष्ट्रिय विव विद्यालय, अनुसन्धान संस्था, सरकारी निकाय सँग समन्वय गरि अध्ययन, अनुसन्धान तथा **बिशिस्ट** परामर्शका कार्यहरु गर्ने, | (ज) राष्ट्रिय तथा अन्तराष्ट्रिय विव विद्यालय, अनुसन्धान संस्था, सरकारी निकाय सँग समन्वय गरि अध्ययन, अनुसन्धान तथा परामर्शका कार्यहरु गर्ने, |
| ७ (क) (अ) | ***साधारण सदस्यः*** मान्यता प्राप्त स्वदेशी तथा विदेशी विश्वविद्यालयबाट वातावरण विज्ञान, वातावरण व्यवस्थापन र वातावरण इन्जिनियरीङ्ग विषयमा न्युनतम् स्नातक गरि पाच वर्ष वातावरणको क्षेत्रमा कार्य गरेको व्यक्तिले अथवा स्नात्कोत्तर गरि यस संस्थाको साधारण सदस्यताकोलागि आवेदन दिन सक्नेछन् । | ***साधारण सदस्यः*** मान्यता प्राप्त स्वदेशी तथा विदेशी विश्वविद्यालयबाट वातावरण विज्ञान, वातावरण व्यवस्थापन र वातावरण इन्जिनियरीङ्ग **वा सो सरहको** विषयमा स्नाकोतर गरेको वा न्युनतम् स्नातक गरि **तीन वर्ष** वातावरणको क्षेत्रमा कार्य गरेको व्यक्तिले यस समाजको साधारण सदस्यताको लागि आवेदन दिन सक्नेछन् । |
| ७ (ख) अ) | ***प्रारम्भिक सदस्यः*** वातावरण सम्वन्धि विषयमा स्नातक उतीर्ण गरेको वा स्नातकोत्तर तहमा अध्ययनरत साथै वातावरणको क्षेत्रमा कम्तिमा १५ वर्ष कार्य गरेको व्यक्तिले यस समाजको प्रारम्भिक सदस्यताकोलागि आवेदन दिन सक्नेछन् । | ***प्रारम्भिक सदस्यः*** वातावरण सम्वन्धि विषयमा स्नातक उतीर्ण गरेको वा स्नातकोत्तर तहमा अध्ययनरत साथै वातावरणको क्षेत्रमा कम्तिमा ५ वर्ष पूर्णकालिनकार्य गरेको व्यक्तिले यस समाजको प्रारम्भिक सदस्यताकोलागि आवेदन दिन सक्नेछन् । |
| ७ (ख) आ) | ***विशिष्ठ सदस्यः*** वातावरणको क्षेत्रमा कम्तीमा २० वर्ष पूर्ण कालिन भई निरन्तर कार्य गरि संस्थालाई आर्थिक, नैतिक वा भौतिक रुपमा सहयोग गर्न सक्ने/गर्न इच्छुक | ***विशिष्ठ सदस्यः*** वातावरणको क्षेत्रमा कम्तीमा १० वर्ष पूर्ण कालिन भई निरन्तर कार्य गरि समाजलाई आर्थिक, नैतिक वा भौतिक रुपमा सहयोग गर्न सक्ने/गर्न इच्छुक व्यक्तिले आवेदन दिएमा विशिष्ठ सदस्यता प्रदान गर्न |

| | | |
|---|---|---|
| | व्यक्तिले आवेदन दिएमा विशिष्ठ सदस्यता प्रदान गर्न सकिनेछ। | सकिनेछ। |
| ११ (क) | यस विधानको दफा ७, ८ र ९ बमोजिम योग्यता पुगेका नेपाली नागरिक तथा संघ संस्थाहरुले यस संस्थाले तोकेको ढाँचामा योग्यताको प्रमाणहरुसमेत संलग्न गरि आवेदन शुल्क सहित आवेदन दिए पश्चात समितिले आवश्यक अध्ययन गरि सदस्यता प्रदान गर्ने/नगर्ने निर्णय गर्नेछ। सदस्यताको निर्णय लिखित रुपमा दिएको १५ दिन भित्रमा तोकिएको सदस्यता शुल्क बुझाएपछि कार्यालयले सदस्यता प्रमाणपत्र प्रदान गर्नेछ । **मानार्थ सदस्य बाहेकका सदस्यहरुले प्रत्येक आर्थिक वर्षको अन्तमा तोकिएको शुल्क बुझाई सदस्यता नवीकरण गराउनु पर्नेछ ।** कुनैपनि एक वा सो भन्दा वढि वर्षहरु नविकरण नभएमा सदस्यता खारेजि नहुने तथा जरिवाना समेत नलाग्ने हुनाले नविकरण नभएका त्यस्ता सदस्यहरुले उक्त आर्थिक वर्षहरुमा हुने साधारणसभा तथा अन्य प्रयोजनहरुमा आफ्नो हक दावी गर्न पाउने छैनन् । | यस विधानको दफा ७, ८ र ९ बमोजिम योग्यता पुगेका नेपाली नागरिक तथा संघ संस्थाहरुले यस संस्थाले तोकेको ढाँचामा योग्यताको प्रमाणहरुसमेत संलग्न गरि आवेदन शुल्क सहित आवेदन दिए पश्चात **कार्य** समितिले आवश्यक अध्ययन गरि सदस्यता प्रदान गर्ने/नगर्ने निर्णय गर्नेछ । सदस्यताको निर्णय लिखित रुपमा दिएको १५ दिन भित्रमा तोकिएको सदस्यता शुल्क बुझाएपछि कार्यालयले सदस्यता प्रमाणपत्र प्रदान गर्नेछ। कुनैपनि एक वा सो भन्दा वढि वर्षहरु नविकरण नभएमा सदस्यता खारेजि नहुने तथा जरिवाना समेत नलाग्ने हुनाले नविकरण नभएका त्यस्ता सदस्यहरुले उक्त आर्थिक वर्षहरुमा हुने साधारणसभा तथा अन्य प्रयोजनहरुमा आफ्नो हक दावी गर्न पाउने छैनन् । सदस्याताको नविकरण साधारणसभाको मिति भन्दा ७ दिन अगाडिनै तोकिएको माध्यमबाट शुल्क पठाई गरि सक्नु पर्नेछ। |
| १४ | **कार्यसमितिः** | **केन्द्रिय कार्यसमितिः तथा प्रादेशिक कार्यसमिति** |
| १४ (क) | **कार्यसमिति**को नियुक्ति साधारणसभाबाट हुनेछ । कार्यसमिति निम्नानुसारको रहने छ। सदस्य ७<br>**पदेन सदस्य १ जना निवर्तमान अध्यक्ष** | **केन्द्रिय कार्यसमिति**को नियुक्ति केन्द्रिय **बार्षिक** साधारणसभाबाट हुनेछ। केन्द्रिय कार्यसमिति निम्नानुसारको रहने छ। **सदस्य ८** |
| | | (ख) प्रादेशिक कार्यसमितिको नियुक्ति प्रदेशिक **बार्षिक** साधारण सभाबाट हुनेछ।<br>(१) प्रादेशिक कार्यसमिति निम्नानुसारको रहने छ। (१) अध्यक्ष १ जना<br>(२) उपाध्यक्ष १ जना<br>(३) सचिव १ जना<br>(४) सह(सचिव १ जना<br>(५) कोषाध्यक्ष १ जना<br>(६) सदस्य ६ जना |
| | | **१४ (क) मा पदाधीकारीको रुपमा निर्वाचित हुन एक कार्यकाल केन्द्रीय कार्य समितिमा कार्य गरेको हुनुपर्नेछ** |
| | | **१४ (ख) प्रादेशिक कार्य समितिको नियुक्त प्रदेश साधारणसभाबाट हुनेछ** |
| | | प्रादेशिक कार्यसमितिमा निर्वाचित हुनकोलागि सोहि प्रदेशमा स्थायी ठेगाना भएको हुनुपर्नेछ |
| १४ (ख) | उपदफा (क) बमोजिमको कार्यसमिति निर्माण गर्दा समावेशितालाई ध्यानमा राखि निर्माण गरिने छ। साथै कार्यसमितिमा ३ जना उपाध्यक्षहरुमा विषयगत हिसावले वातावरण विज्ञान, वातावरण व्यवस्थापन र वातावरण इन्जिनियरीङ्ग समूहका एक एक जना रहनेछन्। | उपदफा (क र ख) बमोजिमको कार्यसमिति निर्माण गर्दा समावेशितालाई ध्यानमा राखि महिलाको समेत प्रतिनिधित्वलाई सुनिश्चित गरि निर्माण गरिने छ। साथै केन्द्रिय कार्यसमितिमा ३ जना उपाध्यक्षहरुमा विषयगत हिसावले वातावरण विज्ञान, वातावरण व्यवस्थापन र वातावरण इन्जिनियरीङ्ग समूहका एक एक जना रहनेछन् |

| | | |
|---|---|---|
| | | । |
| | कार्यसमितिमा बढिमा १५ जना सदस्य हुनेछन् । | केन्द्रिय कार्यसमितिमा बढिमा १५ जना तथा प्रादेशिक कार्यसमितिमा बढिमा११ सदस्य हुनेछन् । |
| | कार्य समितिको कार्यकाल ३ वर्षको हुनेछ । | प्रादेशिक कार्यसमितिको चयन केन्द्रिय कार्यसमितिको चयन भन्दा एक महिना आगावै सम्पन्न गरि सक्नु पर्ने छ तथा दुवै कार्य समितिको कार्यकाल ३ वर्षको हुनेछ । |
| | | प्रादेशिक कार्यसमितिका सदस्यहरुले केन्द्रीय कार्यसमितिमा उम्मेद्धार हुनकोलागि अनिवार्य रुपमा प्रादेशिक समितिबाट राजिनामा दिई स्वीकृत समेत भएको हुनुपर्नेछ । |
| १७ (१) (च) | | आफ्नो अनुउपस्थितिमा उपाध्यक्ष मध्य कुनै एक उपाध्यक्षलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ |
| १७ (४) (क) | (क) महासचिबको अनुपस्थितिमा सचिवले गर्ने कार्य गर्ने । | (क) महासचिबको अनुपस्थितिमा महासचिवले गर्ने कार्य गर्ने । |
| १८ | कुल सदस्य संख्याको ६० (साठी) प्रतिशतको प्रतिनिधित्व हुनेगरी साधारणसदस्यहरु उपस्थिति नभई साधारणसभाको काम कारबाही हुने छैन । तर विधानको दफा ११ (घ) मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारणसभामा उपस्थित संख्यालाई गणपुरक संख्या मानिसाधारण सभा गर्न बाधा पर्ने छैन । | कुल सदस्य संख्याको ५१ -एकाउनन) प्रतिशतको प्रतिनिधित्व हुनेगरी साधारणसदस्यहरु उपस्थिति नभई साधारणसभाको काम कारबाही हुने छैन । तर विधानको दफा ११ (घ) मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारणसभामा उपस्थित संख्यालाई गणपुरक संख्या मानिसाधारण सभा गर्न बाधा पर्ने छैन । |
| २० (३) | | प्रादेशिक समितिको खाता संचालन प्रदेश मुकाम भएको स्थानको कुनैपनि वित्तीय संस्थामा अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट संचालन हुनेछ । |
| २१ (ख) | सम्पूर्णआर्थिक कारोबार कोषाध्यक्ष मार्फत हुनु पर्नेछ । तर आकस्मिक अवस्थामा अध्यक्षले रु. २०,००० केन्द्रिय सचिवले रु. १५,००० र अन्य सदस्यले रु. ५,००० सम्म संस्थाको वा संस्थासँग जोडिएको कामको लागि खर्च गर्न सक्नेछन् । त्यो खर्च आउँदो बैठकमा अनुमोदन गराउनु पर्नेछ । | सम्पूर्ण आर्थिक कारोबार कोषाध्यक्ष मार्फत हुनु पर्नेछ । तर आकस्मिक अवस्थामा केन्द्रिय अध्यक्षले रु. १००,००० केन्द्रिय सचिवले रु. ५०,००० र अन्य सदस्यले रु. २०,००० त्यसैगरि प्रादेशिक अध्यक्षले रु. २०,००० प्रादेशिक सचिवले रु. १०,००० र अन्य सदस्यले रु. ५,००० सम्म खर्च समाजको वा समाजसँग जोडिएको कामको लागि खर्च गर्न सक्नेछन् । त्यो खर्च आउँदो बैठकमा अनुमोदन गराउनु पर्नेछ । |
| २१ (ग) | कामको लागि अध्यक्ष वा महासचिवको सिफारिसमा एक पटकमा रु. २५,००० सम्म पेश्की लिन सकिनेछ । सो भन्दा बढी पेश्की लिनु परेमा कार्यकारिणीको निर्णय अनिवार्य छ, तर दुई पटकसम्म लगिएको पेश्कीको फछ्र्यौट नगरेमा तेस्रो पटक पेश्की दिइने छैन । दुई महिनासम्म पेश्की फछ्र्यौट नगरेमा बेरुजु मानिनेछ । | कामको लागि अध्यक्ष वा महासचिवको सिफारिसमा एक पटकमा रु. १,००,००० सम्म पेश्की लिन सकिनेछ । सो भन्दा बढी पेश्की लिनु परेमा कार्यसमितिको निर्णय अनिवार्य छ, तर दुई पटकसम्म लगिएको पेश्कीको फछ्र्यौट नगरेमा तेस्रो पटक पेश्की दिइने छैन । दुई महिनासम्म पेश्की फछ्र्यौट नगरेमा बेरुजु मानिनेछ । |
| २१ (घ) | वातावरण समाज मार्फत कुनैपनि विशेष परियोजना सञ्चालन गरिएमा सो रकम को खर्च परियोजनाको करारमा उल्लेख भएबमोजिम वा कार्यकारिणी समितिबाट निर्णय भएबमोजिम हुनेछ । | नेपाल वातावरण समाज मार्फत कुनैपनि विशेष परियोजना सञ्चालन गरिएमा सो रकम को खर्च परियोजनाको करारमा उल्लेख भएबमोजिम वा कार्य समितिबाट निर्णय भएबमोजिम हुनेछ । |
| २२ (२) | संस्थाको लेखा परीक्षणप्रचलित कानून बमोजिम रजिस्ट्रड लेखा परीक्षकबाट हुनेछ । | संस्थाको लेखा परीक्षणप्रचलित कानून बमोजिम लेखा परीक्षकबाट हुनेछ । |

| | | |
|---|---|---|
| २२ (३) | नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुन सुकै बखत संस्थाको हिसाब किताब जाँच्न वा जचाउन सक्नेछ । | सम्बन्धित सरकारी निकाय वा स्थानीय अधिकारीले चाहेमा जुन सुकै बखत संस्थाको हिसाब किताब जाँच्न वा जचाउन सक्नेछ । |
| ३२ | यस संस्थाको कुनै पनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य गर्नु हुँदैन । कार्य समितिका पदाधिकारीहरु वा साधारणसभाका सदस्यहरुको बैठकमा साधारणसभामा असभ्य र अश्लिल शब्दको प्रयोग गर्न पाइने छैन । | यस समाजको कुनै पनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य गर्नु हुँदैन । कार्य समितिका पदाधिकारीहरु वा साधारणसभाका सदस्यहरुको बैठकमा साधारणसभामा असभ्य र अश्लिल शब्दको प्रयोग गर्न पाइने छैन । साथै सामाजिक संजाल र कुनैपनि विधुतीय माध्यमको दुरुपयोग गरी समाजको अहित हुने कार्य गर्न पाइने छैन |
| ३५ | | पूर्व अध्यक्ष मंडल: यस संस्थाका निवर्तमान अध्यक्षहरु पूर्व अध्यक्ष मंडलमा रहनेछन् । |
| ३६ | | केन्द्रीय कार्यसमिति र प्रादेशिक समिति बीच समन्वय:<br>क) महत्वपूर्ण कार्यहरु गर्दा केन्द्रीय समिति सँग समन्वय गर्नुपर्नेछ ।<br>ख) समन्वय गर्न प्रत्येक प्रदेशकोलागि केन्द्रीय समितिले एक जना इन्चार्जको रुपमा कुनै पदाधिकारी वा सदस्यलाई तोक्न सक्नेछ । |

बिधानको विभिन्न स्थानमा उल्लेख भएको "सस्था"लाई समाज बनाउने र दफा तथा उपदफा को क्रम मिलाउने